# आ.ब.२०७४/०७५ को अपिहिमाल गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धि प्रस्ताव पत्र

प्रस्तावकर्ता:

रेडियो सारथी एफ.एम. ९२.६ मेगाहर्ज,दार्चुला

# अपि हिमाल गाँउपालिका, दार्चुलाको सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नेबारे सारथी एफएम ९२.६ मेगाहर्जको प्रस्ताव

## पृष्ठभूमि :

नया संविधान जारी भएसंगै मुलुकमा संघीय शासन प्रणाली कार्यान्वयन भइरहेको छ । स्थानीय निकायको पुनर्संरचना गरी स्थानीय तह निर्माण भएका छन् । नेपालको संविधानले नै स्थानीय तहहरुलाई स्थानीय सरकारको भूमिका र अधिकार प्रदान गरेको छ । पछिल्लो समय स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई जनताका प्रतिनिधिहरुले स्थानीय सरकार (स्थानीय तह)को नेतृत्व गरिरहेका छन् ।

स्थानीय तहको नया संरचनाको प्रभावकारी कार्यान्वयन र व्यवस्थापनमा विशिष्ट सम्भावना र चुनौतीहरु विद्यमान छन् । खासगरी, स्थानीय सरकारको प्रभावकारी सञ्चालनका लागि व्यवस्थापन र कार्यान्वयनको एउटा महत्वपूर्ण पाटो रहेको छ भने स्थानीय सरकार सञ्चालनको अवस्था, वस्तुस्थिति, उपलब्धि र चुनौतीबारे आम नागरिकलाई जानकारी गराउने पक्ष पनि महत्वपूर्ण छ ।

लोकतन्त्रको मुख्य आधार सुशासन हो, सुशासनका प्रमुख तीन आधार नागरिक सहभागिता, जनउत्तरदायी सरकार र पारदर्शीताका पक्षमा विगतदेखि नै केही राम्रा अभ्यास हुदैआएका छन् । सुशासन ऐन २०६३, सुचनाको हक सम्बन्धि ऐन २०६४ लगायत साविकका स्थानीय निकायहरुमा कार्यान्वयन हुदैआएका नीति, निर्देशिका र कार्यविधिहरुले समेत सुशासनका पाटो र औजारहरुको प्रयोगलाई महत्व दिदैआएका छन् ।

## प्रस्ताव

स्थानीय सरकारलाई नागरिकप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन स्थानीय तह सञ्चालन सम्बन्धि गरिएका कानुनी र नीतिगत व्यवस्थामा प्राथमिकता दिइएको छ । नयाँ संरचनामा स्थानीय सरकारहरुको नीति निर्माण, प्रभावकारी सेवा प्रवाह, विकास निर्माण, समन्वय र सुपरीवेक्षणको भूमिका लगायतका विषयमा नागरिकको सहभागिता बढाउन, थप सरलता र सहजता ल्याउन तथा जनउत्तरदायी स्थानीय सरकारको सञ्चालनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम महत्वपूर्ण सुचक तथा औजार रहेका छन् ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ मा उल्लेखित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विषयक्षेत्रगत रुपमा वित्तिय व्यवस्थापन र सुशासन शीर्षकअन्तर्गत सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण कार्यक्रम गर्नुपर्ने व्यवस्था गरिएको छ । साविकका स्थानीय निकायहरुमा समेत सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमका अभ्यासहरु हुँदैआएकोले परिस्कृत र व्यवस्थित रुपमा यी क्रियाकलापहरुको आयोजना/सञ्चालनका लागि प्रस्ताव गर्दछौ ।

विक्रम सम्वत् २०७१ सालमा स्थापना भई दार्चुला जिल्लामा सञ्चालन हुँदैआएको सामुदायिक रेडियो सारथी एफएम ९२.६ मेगाहर्जले सामाजिक रुपान्तरण, पारदर्शीता र जवाफदेहिताको क्षेत्रमा क्रियासिल हुँदै योगदान पुर्‍याउदैआएको छ । यस रेडियोको क्रियासिलता र कार्यअनुभवका आधारमा तहाँ गाँउपालिका र अन्तर्गतका वडाहरुको सार्वजनिक सुनुवाई कार्यक्रम तथा गाँउपालिकाको सामाजिक परीक्षण कार्यक्रम आयोजना, सञ्चालन, व्यवस्थापन र सहजिकरणका लागि यो प्रस्ताव प्रस्तुत गरिएको छ ।

नेपाल पत्रकार महासंघ दार्चुलाको नेतृत्व एवं समन्वयमा सुशासन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्न दार्चुला जिल्लास्थित सञ्चारमाध्यम र सञ्चारकर्मीहरुको साँझा पहल र सहकार्य भइरहेकाले सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रममा महासंघको समन्वयकारी भूमिका रहनेछ ।

## प्रस्तावित क्रियाकलापहरु :

१) **सार्वजनिक सुनुवाई कार्यक्रम :** चालु आर्थिक वर्ष २०७४/७५ मा नगर/गाँउ पालिका र प्रत्येक वडाहरुको छुट्टाछुट्टै सार्वजनिक सुनुवाई कार्यक्रम प्रत्येक चौमासिक अवधिमा गरिनेछ ।

साविकका गाविसहरुले सम्पादन गर्दैआएको कार्य र प्रदान गर्दैआएको सेवाभन्दा वढी भूमिका हालका वडा समिति र वडा कार्यालयहरुको रहेको तथा सेवाग्राही (नागरिक)को प्रत्यक्ष सम्पर्क, सरोकार वडा कार्यालयस्तरमा रहेकोले वडास्तरमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्दछौ ।

व्यक्तिगत घटना दर्ता, विभिन्न प्रकृतिका सिफारिस, मालपोत र कर तथा शुल्कहरुको संकलन, योजनहरुको माग, प्राथमिकीकरण र छनौट, योजना सम्झौता, कार्यान्वियन र प्राविधिक मुल्यांकन, सामाजिक सुरक्षा भत्ता वितरण लगायत महत्वपूर्ण कार्य सम्पादन तथा सेवा प्रवाह वडास्तरबाटै हुने व्यवस्था रहेकोले वडा कार्यालयस्तरमा चौमासिक सार्वजनिक सुनुवाई गर्नु सान्दर्भिक रहेको छ ।

यसैगरी, नगर/गाँउ पालिकास्तरमा कार्यपालिकाको कार्यालय र अन्तर्गतका विषयगत तथा क्षेत्रगत निकाय/शाखा/उपशाखा र विकास साझेदार (गैरसरकारी संघसंस्थाहरु)को नीति निर्माण, निर्णयहरु, कार्य सम्पादनको अवस्था, सेवा प्रवाह, नागरिकका गुनासा, सुझाव र प्रतिक्रिया, स्थानीय सरकारका उपलब्धि एवं देखिएका चुनौतीका विषयवस्तुमा प्रत्येक चौमासिकमा नगर/गाँउ कार्यपालिकास्तरमा एक/एक वटा सार्वजनिक सुनुवाई कार्यक्रम गर्न प्रस्ताव गर्दछौ ।

२) **सामाजिक परीक्षण कार्यक्रम :** आ.व. २०७४/७५ को सामाजिक तथा आर्थिक उपलब्धिबारे लेखाजोखा गर्न एउटा सामाजिक परीक्षण कार्यक्रम गरिनेछ । चालु आर्थिक वर्षमा स्थानीय सरकारले अवलम्बन गरेका नीतिहरु, तर्जुमा गरी कार्यान्वयनमा ल्याएका कार्यक्रमहरु, खर्च गरेको बजेट, प्राप्त उपलब्धि एवं देखिएका चुनौतीहरुको विषयवस्तुमा सामाजिक परीक्षण कार्यक्रम गरिनेछ ।

सामाजिक परीक्षण कार्यक्रम उद्देश्य, विषयवस्तु, सहभागिता लगायत सबै हिसाबले महत्वपूर्ण र विशिष्ट प्रकृतिको कार्यक्रम भएकोले स्थानीय सरकारको समग्र वस्तुस्थितिबारे छलफल गरिनेछ । साथै, आगामी दिनमा नीति निर्माण तह, योजना तर्जुमा तह, कार्यान्वयनको पाटो, अनुगमन, मुल्यांकन र सुपरीवेक्षणको विषय आदिमा परिमार्जन, संसोधन गरी सुधार ल्याउन सामाजिक परीक्षण कार्यक्रमले स्थानीय सरकारलाई पृष्ठपोषण दिनेछ ।

## प्रक्रिया :

नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधिहरु जारी गरिसकेको छ । साविकका स्थानीय निकायहरुमा सामाजिक परीक्षण कार्यक्रम र सार्वजनिक सुनुवाई कार्यक्रम यिनै कार्यविधिको प्रक्रिया र ढाँचामा सञ्चालन हुँदैआएका छन् । स्थानीय निकायको सार्वजनिक सुनुवाई कार्यविधि २०६७ र स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधि २०६७ ले निर्धारण गरेको प्रक्रिया र ढाँचामा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## जनशक्ति :

सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम व्यवस्थापन, सहजिकरण गर्नका लागि सुशासनको क्षेत्रमा लामो कार्य अनुभव भएका देहायबमोजिमका जनशक्ति परिचालन गरिनेछन् ।

| क्र.सं. | प्रस्तावित जनशक्तिको नाम | ठेगाना | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|
| १ | हिरा सिह धामी | मालिकार्जुन गा.पा. ३ | वी.एड. | पत्रकारिता क्षेत्रमा १० वर्ष र सुशासनको क्षेत्रमा ८ वर्ष |
| २ | नरेन्द्रसिह कार्की | अपिहिमाल गा.पा. २ | वी.ए. | पत्रकारिता क्षेत्रमा ८ वर्ष र सुशासनको क्षेत्रमा ७ वर्ष |
| ३ | लोकेन्द्रप्रसाद जोशी | लेकम गा.पा.६ | बी.एड. | सुशासनको क्षेत्रमा ३ वर्ष, पत्रकारिता क्षेत्रमा ३ वर्ष |
| ४ | देवसिह ठगुन्ना | महाकाली गा.पा.५ | बी.एड. | सुशासनको क्षेत्रमा ५ वर्ष, सामाजिक परिचालन क्षेत्रमा ७ वर्ष |
| ५ | लोकेन्द्रसिह धामी | मालिकार्जुन गा.पा.३ | बी.एड. | सुशासनको क्षेत्रमा ३ वर्ष, पत्रकारिता क्षेत्रमा २ वर्ष |

सामाजिक परीक्षण कार्यक्रम र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनमा आवश्यकता अनुसार थप जनशक्ति परिचालन गरिनेछ ।

## आर्थिक पक्ष :

अपि हिमाल गाँउपालिकाको स्थानीय सरकारलाई माथि प्रस्तावित क्रियाकलापहरु आयोजना, सञ्चालन, व्यवस्थापन र सहजिकरण गर्न निम्नअनुसारको आर्थिक दायित्व बहन गर्न रेडियो सारथी एफएम ९२.६ मेगाहर्ज दार्चुला प्रस्ताव गर्दछ :

## प्रस्तावित खर्च विवरण :

**क) सार्वजनिक सुनुवाई कार्यक्रम (वडास्तरमा एक कार्यक्रम) का लागि :**

| क्र.सं. | क्रियाकलाप | बजेट | स्रोत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई संयोजक र सहजकर्ताको पारिश्रमिक | ५,०००। | नगर/गाँउ पालिका |
| २ | यातायात खर्च | ३०००। | नगर/गाँउ पालिका |
| ३ | माइक भाडा र मञ्च व्यवस्थापन | २०००। | नगर/गाँउ पालिका |
| ४ | मसलन्द र स्टेशनरी | ३०००। | नगर/गाँउ पालिका |
| ५ | चियापान, खाजा | ६,०००। | नगर/गाँउ पालिका |
| ६ | प्रतिवेदन तयारी र प्रकाशन | २,०००। | सारथी एफएम ९०.७ मेगाहर्ज |
| ७ | सुचना प्रकाशन र प्रशारण | ३,०००। | सारथी एफएम ९०.७ मेगाहर्ज |
| ८ | बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन सर्भेक्षण तथा विश्लेषण | ६,०००। | नगर/गाँउ पालिका |
| ९ | **जम्मा** | **३०,०००।** | |

**ख) सार्वजनिक सुनुवाई कार्यक्रम (गाउपालिकास्तरमा एक कार्यक्रम) का लागि :**

| क्र.सं. | क्रियाकलाप | बजेट | स्रोत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई संयोजक र सहजकर्ताको पारिश्रमिक | १५,०००। | नगर/गाँउ पालिका |
| २ | यातायात खर्च | १५,०००। | नगर/गाँउ पालिका |
| ३ | माइक भाडा र मञ्च व्यवस्थापन | २,०००। | नगर/गाँउ पालिका |
| ४ | मसलन्द र स्टेशनरी | ३,०००। | नगर/गाँउ पालिका |
| ५ | चियापान, खाजा | ८,०००। | नगर/गाँउ पालिका |
| ६ | प्रतिवेदन तयारी र प्रकाशन | २,०००। | नगर/गाँउ पालिका |
| ७ | सुचना प्रकाशन र प्रशारण | ५,०००। | सारथी एफएम ९०.७ मेगाहर्ज |
| ८ | बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन सर्भेक्षण तथा विश्लेषण | १५,०००। | नगर/गाँउ पालिका |
| ९ | **जम्मा** | **५५,०००।** | |

**ग) सामाजिक परीक्षण कार्यक्रम (एक) का लागि :**

| क्र.सं. | क्रियाकलाप | बजेट | स्रोत |
|---|---|---|---|
| १ | सामाजिक परीक्षकको पारिश्रमिक | १५,०००। | नगर/गाँउ पालिका |
| २ | यातायात खर्च | १०,०००। | नगर/गाँउ पालिका |
| ३ | माइक भाडा र मञ्च व्यवस्थापन | २,०००। | नगर/गाँउ पालिका |
| ४ | मसलन्द र स्टेशनरी | ३,०००। | नगर/गाँउ पालिका |
| ५ | चियापान | १०,०००। | नगर/गाँउ पालिका |
| ६ | प्रतिवेदन तयारी र प्रकाशन | ६,०००। | सारथी एफएम ९०.६ मेगाहर्ज |
| ७ | सुचना प्रकाशन र प्रशारण | ५,०००। | सारथी एफएम ९०.६ मेगाहर्ज |
| ८ | स्थानीय सरकारको वस्तुस्थिति, अध्ययन, विश्लेषण र भ्रमण | १०,०००। | नगर/गाँउ पालिका |
| ९ | **जम्मा** | **६१,०००।** | |

## प्रतिवेदन :

कार्यक्रम सम्पन्न भएपछि सहजिकरण गर्ने पक्ष रेडियो सारथी एफएम ९२.६ मेगाहर्ज दार्चुलाले अपि हिमाल गाँउ पालिकामा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नेछ।

(राजेन्द्रसिह धामी)
अध्यक्ष

रेडियो सारथी एफएम ९२.६ मेगाहर्ज
महाकाली नगरपालिका वडा नं. ४, दार्चुला विकास संगठन परिसर, खलंगा, दार्चुला सम्पर्क फोन नं. ०९३, ४२०३३५/४२०२३६ मोबाइल नं. ९८४८८२९९१४/९८४८८२९९१५
email : info.sarathifm@gmail.com

आर्थिक वर्ष २०७४/७५ मा मार्मा गाँउपालिका, दार्चुलाको सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम गर्नका लागि अपि हिमाल गाँउ कार्यपालिका कार्यालय, दार्चुला *(यसपछि पहिलो पक्ष भनिएको)* र रेडियो सारथी एफएम ९२.६ मेगाहर्ज, दार्चुला *(यसपछि दोस्रो पक्ष भनिएको)* बीच सम्पन्न सम्झौता ।

**शर्तहरु :**

१) आर्थिक वर्ष २०७४/७५ मा मार्मा गाँउपालिका दार्चुलाको दोस्रो र तेस्रो चौमासिक अवधिमा गाँउ कार्यपालिकास्तरमा एक/एक वटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछन् ।

२) आर्थिक वर्ष २०७४/७५ मा मार्मा गाँउपालिका दार्चुलाका दोस्रो र तेस्रो चौमासिक अवधिमा छवटै वडास्तरमा एक/एकवटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछन् ।

३) आर्थिक वर्ष २०७४/७५ को मार्मा गाँउपालिकाको सामाजिक परीक्षण कार्यक्रम आर्थिक वर्ष सकिएपछि अर्को आर्थिक वर्षको पहिलो चौमासिकभित्र सञ्चालन गरिनेछन् ।

४) माथि उल्लेखित ३ वटै बुँदाका क्रियाकलापहरुको आयोजना, सञ्चालन, सहजिकरण र व्यवस्थापनको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

५) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न दोस्रो पक्षको प्रस्तावअनुसार पहिलो पक्षले गाँउ कार्यपालिकास्तरीय सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम लागि प्रति कार्यक्रम रु. ५०,०००। (पचास हजार मात्र) र वडास्तरका सार्वजनिक सुनुवाईका लागि प्रति कार्यक्रम रु. २५,०००। (पच्चिस हजार मात्र) गरी जम्मा रु. ४,५०,०००। (चार लाख पचास हजार मात्र) दोस्रो पक्षलाई भुक्तानी गर्नेछ ।

६) पहिलो पक्षले आफुसंग भएका सुचना, जानकारी, कार्यक्रमका लागि आवश्यक विवरण (भौतिक र आर्थिक) कार्यक्रम सञ्चालनका लागि दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।

७) स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ र स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को कार्यविधि र ढाँचाअनुसार क्रियाकपालहरु आयोजना/सञ्चालन गरिनेछन् ।

८) दोस्रो पक्षले गाँउपालिकाका सुचना, वस्तुस्थिति एवं जानकारीहरु *(योजना तर्जुमा, गाँउसभाका निर्णय, वार्षिक नीति, कार्यक्रम, बजेट, योजनाहरुको विवरण, आयव्यय विवरण, सेवा प्रवाहको अवस्था आदि)* अध्ययन विश्लेषण गरी सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गर्नेछ ।

९) सम्झौताअनुसारका क्रियाकलापहरु सञ्चालन गर्न पहिलो पक्षले दोस्रो पक्षलाई पेश्की रकम उपलब्ध गराउनेछ ।

१०) सार्वजनिक सुनुवाई कार्यक्रम र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नका लागि गाँउ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र दोस्रो पक्षले आपसमा समन्वय गर्नेछन् र दुबै पक्षको समन्वयमा कार्यक्रम गर्ने मिति, समय र स्थानको निर्धारण गरिनेछ ।

११) निर्धारित क्रियाकलापहरु सम्पन्न भइसकेपछि दोस्रो पक्षले पहिलो पक्षले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नेछ ।

१२) दोस्रो पक्षद्वारा पेश गरिएको प्रस्ताव यो सम्झौताको अभिन्न अंग हुनेछ ।

१३) सम्झौतामा केही थपघट गर्नुपरेमा वा संसोधन गर्नुपरेमा नेपाल पत्रकार महासंघ दार्चुलाले समन्वय गर्नेछ । सम्झौताअनुसारका क्रियाकलापहरु सञ्चालनमा महासंघले समन्वय गर्नेछ ।

१४) यो सम्झौताको अवधि २०७४/०९/२८ देखि २०७५ कार्तिक मसान्तसम्म हुनेछ ।

**दोस्रो पक्षको तर्फबाट :**

**हस्ताक्षर गर्ने : राजेन्द्रसिह धामी**

**पद : अध्यक्ष**

**हस्ताक्षर :**

**पहिलो पक्षको तर्फबाट :**

**हस्ताक्षर गर्ने :**

**पद : प्रमुख प्रशासकीय अधिकृत**

**हस्ताक्षर :**

साक्षी : शंकरसिह धामी

अध्यक्ष नेपाल पत्रकार महासंघ दार्चुला ।

हस्ताक्षर :

*इति सम्वत् २०७४ फागुन ......... गते शुक्रवार ।*